# राष्ट्रिय वाणिज्य बैंक लि.को नाममा रहेको गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको बारे १५ दिने सूचना।

(सूचना प्रकाशित मिति २०८३।०२।२५)

यस बैंकको निम्न उल्लिखित शाखा कार्यालयहरूको नाममा रहेको गैह्र बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू बोलपत्र प्राप्त भएको सम्बन्धित शाखा कार्यालयमा १६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको २:०० बजे खोलिने हुँदा बोलपत्र दाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुनुहुन समेत जानकारी गराइन्छ। तर बोलपत्र दाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

**लिलाम हुने सम्पत्तिको विवरण**

| सम्पत्तिधनीको नाम, ठेगाना | सम्पत्ति रहेको ठेगाना | कि.नं. | क्षेत्रफल | न्युनतम मूल्य |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय ठमेल। | जिल्ला काठमाडौँ तीनथाना २ | २५५ | ०-९-२-० (३०२.०१ ब.मि.) घर समेत | **रू. ३,२०,५७,०००।-** (अक्षरूपी तीन करोड विस लाख सन्ताउन्न हजार मात्र) |
| | | २८५ | ०-२-०-० (६३.५८ ब.मि.) घर समेत | |
| | | ३२२ | ०-२-०-० (६३.५८ ब.मि.) घर समेत | |
| | | ३२७ | ०-३-०-० (९५.३७ ब.मि.) घर समेत | |
| राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय गौशाला। | जिल्ला काठमाडौँ का.म.न.पा. ९ | २०५ | ०-७-०-३ (२२८.५० ब.मि.) घर समेत | **रू. २,२२,२३,८७५।-** (अक्षरूपी दुई करोड बाइस लाख तेइस हजार आठ सय पचहत्तर मात्र) |
| राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय अत्तरिया। | जिल्ला कैलाली, टिकापुर ९ङ | १३८३ | २३४७.८५ ब.मि. | **रू. १,०८,८४,०३२।-** (अक्षरूपी एक करोड आठ लाख चौरासी हजार बत्तिस मात्र) |
| | जिल्ला कैलाली, चौमाला ९ | ५७७ | ६७७.२६ ब.मि. | **रू. ६२,२०,०००।-** (अक्षरूपी बैसठ्ठी लाख बीस हजार मात्र) |
| | जिल्ला कैलाली, भजनी २ | ८६५ | १-११-०-० (१०४९७.८२ ब.मि.) | **रू. १,२१,६२,६५०।-** (अक्षरूपी एक करोड एक्काइस लाख बैसठ्ठी हजार छ सय पचास मात्र) |
| | जिल्ला कैलाली, भजनी २क | २८६ | ३-२-०-० (२०९९५.६५ ब.मि.) | **रू. २,४३,९१,६००।-** (अक्षरूपी दुई करोड त्रिचालिस लाख एकानब्बे हजार छ सय मात्र) |
| | जिल्ला कैलाली, भजनी २ | ८६६ | १-११-०-० (१०४९७.८२ ब.मि.) | |
| | जिल्ला कैलाली, मसुरीया ७ | ५९५ | २४८२.१२ ब.मि. | **रू. ९३,२०,४००।-** (अक्षरूपी त्रियानब्बे लाख बीस हजार चार सय मात्र) |
| | | ५९९ | १८८ ब.मि. | |
| | जिल्ला कैलाली, हसुलिया ६ | ३२ | २७०५ ब.मि. | **रू.८४,५७,६५०।-** (अक्षरूपी चौरासी लाख सन्ताउन्न हजार छ सय पचास मात्र) |
| | | ५६ | २३८० ब.मि. | |
| | | ७६ | ५०० ब.मि. | |
| | | १०८ | १७९५ ब.मि. | |
| | | २२९ | २२८० ब.मि. | |

**शर्तहरू :**

१) बोलपत्र फाराम यस बैंकको कुनैपनि शाखा कार्यालयबाट रू.१,०००।- (अक्षरूपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। फोटोकपि गरिएको फाराम मान्य हुने छैन।

२) बोलपत्र दाताले लिलामी सूचनाको आधारमा सम्पत्ति धनीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फाराममा स्पष्ट रूपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नुपर्नेछ।

३) बोलपत्रको खाम बाहिर समेत सम्पत्ति धनीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

५) बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको कुनैपनि शाखा कार्यालयमा **स.क्रे. अन्य** हिसाबमा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने बैंक कार्यालयको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकको सुरक्षण पत्र वा Good for Payment Cheque/Managers Cheque अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

६) लिलाम बिक्री हुने सम्पत्ति निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नुपर्नेछ।

७) न्युनत्तम मूल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरू स्वतः रद्द हुनेछन्।

८) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम नुबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन।

१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।

११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

१२) बिक्री भएको सम्पत्ति नामसारी गर्ने क्रममा सम्वन्धित मालपोत कार्यालयमा तिर्नुपर्ने सम्पूर्ण कर लगायतको दस्तुर खरिद कर्ताले नै बुझाउनुपर्नेछ।

१३) एक व्यक्ति वा एकै परिवारबाट वा मिलोमतोबाट दुई वा दुईभन्दा बढी बोलपत्र पेश गरेमा लिलाम कारवाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरू बदर हुनेछन्।


राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
केन्द्रीय कार्यालय
कर्जा अनुगमन तथा असुली विभाग
फोन नम्बर: ०१५७२१२२० एक्सटेन्सन नम्वर २६२७



ADV\Pratik works\Jeth 25\RBB_lilam bolpatra
4x28